नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल हज समितिको सचिवालय

प.सं.: ०७५/७६
च.नं.: १६४

बबरमहल
काठमाडौं, नेपाल

मितिः ... ... ...२०७६।०१।०२

**विषयः** छनौट भएका हजयात्रीहरुको Fingerprint लिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
हज सम्बन्धित सबै ।

नेपालस्थित साउदी दुतावासबाट प्राप्त पत्रानुसार यस बर्ष सन् २०१९ मा नेपालबाट साउदी अरबको मक्का मदिनामा हज गर्न जानका लागि हज भिसा जारी गर्नु भन्दा पहिले नै अनिवार्य रुपमा Fingerprint लिई सो को डाटा सम्बन्धित निकायमा पठाइसक्नु पर्ने भनी लेखि आएको हुँदा नेपाल हज समितिको सचिवालयमा दर्ता भएका आवेदकहरुमध्ये मिति २०७५।१२।२२ गते बसेको कार्यसम्पादन उपसमितिको वैठकको निर्णयबाट छनौट भएका १२०० जना हजयात्रीहरुको Fingerprint लिने सम्बन्धी सूचनाको प्रतिलिपि यसैसाथ संलग्न राखि पठाइएको छ । Fingerprint लिनका लागि सम्पर्क स्थान तोकिएका जिल्ला प्रशासन कार्यालयहरुले नेपाल हज समितिको सचिवालयबाट सो कार्यका लागि खटीई आउने कर्मचारीहरुलाई आवश्यक सहयोग गरिदिनुहुन हुन अनुरोध छ ।

सूर्य बहादुर खत्री
सदस्य-सचिव

नेपाल सरकार

गृह मन्त्रालय

नेपाल हज समितिको सचिवालयको

**छनौट भएका आवेदकहरुले अनिवार्य रुपमा Fingerprint लिने सम्बन्धी सूचना**

यस बर्ष सन् २०१९ मा नेपालबाट साउदी अरबको मक्का मदिनामा हज गर्न जानका लागि हज भिसा जारी गर्नु भन्दा पहिले नै Fingerprint लिई सोको डाटा सम्बन्धित निकायमा पठाउनुपर्ने भएको हुँदा Fingerprint नदिने आवेदकहरुलाई हजयात्रामा पठाउन नसकिने भएकोले देहायका मिति र स्थानमा सम्पर्क गरी छनौट भएका हाजीहरुले आफ्नो सक्कल राहदानी सहित अनिवार्य रुपमा उपस्थितको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**समयः विहान १०.०० बजेदेखि बेलुका ५.०० बजे सम्म**

| सि.नं. | मिति | सम्पर्क स्थान | जिल्लाहरु | कै. |
|---|---|---|---|---|
| १. | २०७६वैशाख ९ र १० गते | जिल्ला प्रशासन कार्यालय बाँके, नेपालगन्ज | बाँके र दाङ | |
| २. | २०७६ जेठ १२ र १३ गते | जिल्ला प्रशासन कार्यालय कपिलवस्तू, तौलिहवा | कपिलवस्तु र अर्घाखाँची | |
| ३. | २०७६वैशाख १५ र १६ गते | तकिया जामे मस्जिद,घण्टाघर, काठमाण्डौं | काठमाण्डौं, ललितपुर र नुवाकोट | |
| ४. | २०७६ वैशाख २७ र २८ गते | जिल्ला प्रशासन कार्यालय रुपन्देही, भैरहवा | रुपन्देही, नवलपरासी पूर्व, नवलपरासी पश्चिम र पाल्पा | |
| ५. | २०७६ वैशाख ३० र ३१ गते | जिल्ला प्रशासन कार्यालय कास्की पोखरा | कास्की, तनहुँ, स्याङजा र गोरखा | |
| ६. | २०७६ जेठ २ र ३ गते | जिल्ला प्रशासन कार्यालय सुनसरी, इनरुवा | सुनसरी, मोरङ, झापा | |
| ७. | २०७६ जेठ ५ र ६ गते | ईलाका प्रशासन कार्यालय, सिरहा, लाहान | सप्तरी र सिरहा | |
| ८. | २०७६ जेठ ८ र ९ गते | जिल्ला प्रशासन कार्यालय धनुषा, जनकपुरधाम | धनुषा र महत्तोरी | |
| ९. | २०७६ जेठ ११ र १२ गते | जिल्ला प्रशासन कार्यालय रौतहट,गौर | सर्लाही रौतहट | |
| १०. | २०७६ जेठ १४ र १५ गते | जिल्ला प्रशासन कार्यालय पर्सा, विरगञ्ज | बारा र पर्सा | |

२०७६।१।२